सिविन-नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित




वर्ष २, अंक २, मंसीर २०६४, काठमाण्डौ

## यस अंकमा......

१. सम्पादकीय

२. बालअधिकार आन्दोलनमा सिविन नेपालको २० वर्षे यात्रा

३. सन्दर्भ

४. गतिविधि

५. तथ्य

**महिनाको तस्वीर...**




तस्वीर : सूर्यनारायण श्रेष्ठ

**सयौं थुँगा फूलका हामी एउटै माला नेपाली !**
**सार्वभौम भइ फैलिएका मेची, महाकाली !!**

✍ *सम्पादकीय :*

# बालबालिकाका निम्ति संवैधानिक व्यवस्था र दुई दशक

यस वर्ष सिविन नेपाल आफ्नो स्थापनाको २० औं वर्षमा प्रवेश गरेको छ । झण्डै झण्डै सिविनको स्थापनासँगै नेपालको सन्दर्भमा बालअधिकारको बारेमा कुरा उठ्न थालेको करिब दुई दशक भएको छ । पञ्चायतीकालको उत्तरार्धमा मानवअधिकार र लोकतन्त्रका बारेमा आवाज उठ्न थाल्यो र १९९० को जनआन्दोलनले पञ्चायती व्यवस्थालाई फालेर बहुदलीय व्यवस्था स्थापित हुन पुग्यो । नेपालमा बालअधिकारको मुद्धालाई स्थापित गराउन सिविनले महत्वपूर्ण भूमिका खेलेको छ ।

त्यसो त, बालअधिकारको कुरा गर्दा कार्यान्वयनमा आउन नसकेपनि नेपालको पहिलो लिखित संविधानको रुपमा मानिएको नेपाल सरकारको वैधानिक कानुन २००४ ले मौलिकहक अन्तर्गत निशुल्क प्रारम्भिक शिक्षाको कुरालाई उठाएको थियो । नेपालमा पहिलो पटक लागू भएको संविधान–नेपाल अन्तरिम शासन विधान २००७ ले मौलिक हकको व्यवस्थानै नगरी अदालताद्वारा लागू हुन नसक्ने राज्यनीतिका निर्देशक सिद्धान्तहरु अन्तर्गत केटाकेटीको कलिलो उमेर वा बललाई नसुहाउने रोजगार गर्न बाध्य नगर्ने, स्वार्थसाधन तथा नैतिक र आर्थिक पतनबाट बाल्यावस्था र युवावस्था सुरक्षित राख्ने, १४ वर्ष मुनिकालाई कारखाना, खानी वा कुनै जोखिम काममा भर्ना नगर्ने भन्ने कुरालाई उल्लेख गरेको पाइन्छ ।

नेपाल अधिराज्यको संविधान २०१५ र नेपालको संविधान २०१९ मा बालबालिका सम्बन्धी केही उल्लेख भएको पाइदैन । यस संविधानमा बालक र स्वास्नी मानिसको हितको संरक्षण गर्नका लागि मौलिकहकमा बन्देज लगाउन सक्ने गरी राज्यले कानुन बनाउन सक्ने भनी केही बाटो भने खोलेको पाईन्छ । अदालतद्वारा लागू हुन नसक्ने समाज नीतिका उद्देश्य र सिद्धान्त अन्तर्गत बालश्रम, अनाथावस्था, बालविवाह, निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा जस्ता कुराहरुबारे केही उल्लेख गरेको भएपनि सोलाई २०२३ सालमा संशोधनबाट हटाइएको थियो । यस संविधानले पहिलोपटक नागरिकता सम्बन्धी व्यवस्था भने गरेको पाइन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ बाल अधिकारको संरक्षणका लागि यस अघिका दुई संविधानहरु भन्दा केही हदसम्म प्रगतिशिल देखिन्छ । यसले जन्मका आधारमा नागरिकता पाउने, पितृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिने, नाबालकको हितको रक्षार्थ सकारात्मक बिभेद गर्न सकिने, प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय संचालन गर्न पाउने, बेचबिखन गर्न, दास तुल्याउन, बांधा बनाउन वा इच्छा विपरीत काम गराउन निषेध, नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन निषेध जस्ता व्यवश्था गरेको थियो । यसका अतिरिक्त राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरुमा बालबालिकाको शोषण हुन नदिई, उनीहरुको हक र हितको रक्षा गर्ने र निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जाने, अनाथ बालबालिकाको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्थागर्ने नीति अवलम्बन गर्ने उल्लेख थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ ले बालअधिकारलाई मौलिक हक अन्तर्गत राखेर अघिल्लो संबिधानमा भन्दा थप केही स्पष्ट पारेको छ । कानुनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने, शोषण विरुद्धको हक तथा सोबाट पीडितलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइने जस्ता कुराहरु यसमा उल्लेख छ । यसलाई सकारात्मक रुपमा लिनु पर्दछ । तर यसको व्यवहारिक कार्यान्वयनमा भने सदैव ध्यान दिनु जरुरी छ । ❒




## *बालअधिकार आन्दोलनमा सिविन नेपालको २० वर्षे यात्रा*

नेपालमा बालअधिकारको बिषय राज्य तथा समाजका सबै पक्षबाट उपेक्षित भइरहेको र साह्रै कम चर्चाको बिषय बनिरहेको अवस्थामा सिविन–नेपालको स्थापना भएको थियो । पञ्चायति निरंकुशताको त्यस अवधिमा त्रिभुवन विश्वविद्यालयमा अध्ययन गरेका लोकतन्त्र र मानवअधिकारका निम्ति कार्यरत युवाहरूको एउटा समूहले बालअधिकारको पक्षमा लडाइँ लड्ने नेपालको पहिलो बालअधिकारमुखी संस्था नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन–नेपाल) स्थापना गर्ने चुनौतीपूर्ण पाइला चाल्न अठोट लिएका थिए । यो संस्था एउटा अभियानका रूपमा स्थापना भएको थियो । जसले समाज सेवाको ताजा दृष्टिकोण अगाडि सार्ने क्रममा परम्परागत परोपकारी सोचलाई छाडेर अधिकारमुखी, सशक्तीकरण तथा क्रियाशीलताको नवीन सोच प्रस्तुत गऱ्यो । आज आफ्नो स्थापनाको २० वर्ष पुग्दा पनि सिविन बालअधिकारको संरक्षण तथा संबर्द्धनका लागि वकालत तथा संचेतना, परिणाममूखी कार्य तथा अधिवाचन, सञ्जाल निर्माण मार्फत निरन्तर अगाडि बढिरहेको छ ।

सिविनको लक्ष्य बालबालिकाका सन्र्दभमा राष्ट्रिय स्रोत संस्था तथा संचेतना एवं वकालत गर्ने संस्थाका रूपमा कार्यरत रहनु रहेको छ । जसले आफ्ना सेवाहरू बालबालिका विशेषतः कठिन अवस्थामा रहेका बालबालिकाहरूको अधिकारको संरक्षणकालागि उपलब्ध गराउँदछ । यसको मुख्य उद्देश्य बालबालिका विरुद्ध परिलक्षित सबै प्रकारका दुर्व्यवहारहरू, शोषण तथा हिंसाको उन्मूलन गर्नका निम्ति संचेतना तथा वकालत गर्ने आपतकालिन सहयोग, सामाजिक परिचालन, सञ्जाल विस्तार र सरोकारवालाहरूसँगको सहकार्यको माध्यमबाट बालअधिकार आन्दोलनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विकास गर्दै लैजाने रहेको छ । यस उद्देश्य प्राप्तिका लागि सिविनले बालअधिकारसम्बन्धी राष्ट्रिय नीतिहरूमा प्रभाव पार्ने, समाजमा विद्यमान सरोकारवालाहरू तथा अन्य विचार मिल्ने स्थानीय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सहकार्य गर्नुका साथै यसले राष्ट्रिय स्रोत तथा सूचना केन्द्रको सञ्चालन गरिआएको छ । यस सागसँगै सिविनले जोखिम परिस्थितिमा रहेका बालबालिकाको उद्धार, सहयोग, सामाजिकीकरण, शिक्षा र सामाजिक पुनर्स्थापनाका निम्ति प्रत्यक्ष रूपमा पनि कार्य गर्दै आइरहेको छ । सिविनका विभिन्न परियोजनाहरू र देशका विभिन्न भागमा रहेका बालबालिका आफैंले सञ्चालन गर्ने बालअधिकार मञ्चहरू, बाल हेल्पलाइनहरू आदिका माध्यमबाट उक्त कार्यहरू सम्पन्न हुँदै आएका छन् ।

हालसम्ममा सिविनले आफ्ना विभिन्न कार्यक्रमहरू मार्फत १ लाख ५० हजार भन्दा बढी बालबालिकाको संरक्षणका निम्ति प्रत्यक्ष काम गरिसकेको छ। देशका विभिन्न भागमा छरिएर रहेका बालअधिकार मञ्च मार्फत ५० हजार भन्दा बढी बालबालिकालाई आफ्नो सरोकार तथा अधिकारका निम्ति विचार अभिव्यक्त गर्न र सहभागिताको अधिकार प्रवर्धनका निम्ति सिविनले ठाउँ उपलब्ध गराएको छ।

आफ्नो दुई दशकको निरन्तर कार्यबाट सिविनले कुनै चर्चा नपाउने बालअधिकारको बिषयलाई अहिले बहुचर्चित राष्ट्रिय मुद्दाका रूपमा स्थापित गराउन सफल भएको छ। आज मानिसहरू विस्तारै बालअधिकार प्रति सचेत बन्दै जानुका साथै यसको प्रबर्द्धनका निम्ति प्रयासरत रहेका छन्। नागरिक समाज, व्यक्ति र विभिन्न समूहहरूले समेत बालअधिकारको बिषयलाई उठाउने क्रम बढ्दै जानुका साथै राज्य स्तरबाट पनि सकारात्मक प्रतिबद्धताहरू र संवेदशीलता बढ्दै जानु कुरा भएको छ। सिद्धान्ततः सबै बालबालिकाको शिक्षा, स्वास्थ्य, विकास र दुर्व्यवहार तथा शोषणबाट संरक्षणको अधिकार रहेको छ। तथापि लाखौं बालबालिका कठिन अवस्थामा रहनुका साथै दुर्व्यवहार र शोषणमूलक अवस्थामा बाँच्न बाध्य रहेका छन्। विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट थुप्रै प्रयासहरू भैरहेको भएता पनि बालअधिकारको संरक्षणको कुरा अहिले पनि चुनौतीको बिषय रहेको छ।

विगत वर्षहरूमा सिविनले प्रसस्त प्रशंसा पाउनुका साथै केही आलोचनाहरू पनि सहेको छ। यस प्रक्रियाबाट बालबालिकाको बिषय छुट्टै नभई सामाजिक परिवर्तनको बृहत अभियानको एउटा महत्वपूर्ण अंश हो भन्ने कुरा प्रष्टिएको छ। बालअधिकारलाई व्यवहारमा उतार्नका लागि यो सबैको सरोकारको बिषय हुनुपर्दछ। विभिन्न सरोकारवालाहरूसागको अन्तरक्रिया र साझेदारीमा थप पाइलाहरू चालिनुपर्दछ। विगत वर्षहरूमा व्यापक सामाजिक विकास तथा न्यायका निम्ति सञ्चालित सामाजिक अभियानसाग बालअधिकारलाई एकाकार गर्न सिविनले विभिन्न पक्षसँगको सहकार्यलाई प्राथमिकता दिंदै आएको छ। यसले मानव अधिकार संघसंस्थाहरू, महिलाहरूका संघसंस्थाहरू, शिक्षक संघसंस्थाहरू, ट्रेड युनियन अभियानहरू लगायतसाग सहकार्य गर्दै आएको छ। प्रहरी, कानुन व्यवसायीहरू र न्यायमूर्तिहरूसँगको सहकार्य पनि बालबालिकाको न्यायका निम्ति महत्वपूर्ण रहादै आएको छ। यसैगरि स्थानीय स्तरमा बालअधिकार तथा बाल विकासलाई प्राथमिकता दिन सघाउनका निम्ति गाउा विकास समितिहरू, नगरपालिकाहरू, जिल्ला विकास समितिहरू र विशेषगरी विभिन्न जिल्लाका जिल्ला बाल कल्याण समितिहरूसाग सिविनले सम्बन्ध बढाउँदै आएको छ। यसै गरी राज्यका केन्द्रीय स्तरका निकायहरू, महिला समाजकल्याण तथा बालबालिका मन्त्रालय, केन्द्रीय बालकल्याण समिति लगायतसँगको सहकार्य पनि महत्वपूर्ण रहदै आएको छ।

नेपालको परिवर्तित अवस्थामा सिविनले त्यस्तो नयाँ समाजको परिकल्पना गरेको छ जहाँ बालबालिकाका अधिकारहरू पूर्ण रूपमा सुनिश्चित गरिएका हुने छ र प्रत्येक बालबालिकाले सबै प्रकारका विभेद तथा शोषण मुक्त स्थितिमा स्वाभिमानपूर्वक बााच्न पाउादछन्। एउटा यस्तो नयाँ नेपाल जो लोकतान्त्रिक, समाबेशी, र वास्तविक अर्थमा बालबालिकाका अधिकारका बिषयमा संवेदनशील हुनेछ। बालबालिकालाई सशक्तीकरण गर्ने, उनीहरूको सहभागितालाई बढाउने र वृहत स्तरमा सामाजिक परिचालनको माध्यमबाट सिविन बालअधिकार आन्दोलनलाई नयाा उचाइमा लैजानका निम्ति प्रतिबद्ध रहेको छ। सिविनले आफ्नो सूचना तथा अनुसन्धान कार्यलाई अध्यावधिक राख्दै आएको छ र बालबालिकाका विभिन्न सवालहरूमा अवधारणात्मक स्पष्टताका लागि आफ्नो प्रयासलाई पनि जारिराखिरहेको छ। आफ्नो उद्देश्य प्राप्तिका निम्ति सिविनले बाल मैत्री शैलीहरूको थप विकास गर्दै र समुदाय देखि राष्ट्रिय स्तरसम्म संयुक्त कार्यहरू गर्दै चालू बालअधिकार आन्दोलन तथा सेवा प्रदान गर्ने संयन्त्रलाई अझ सशक्त बनाउन आफ्नो स्रोत र क्षमतालाई परिचालित गर्ने छ। सिविनले संचेतना कार्यक्रम मार्फत प्रगतिशील नीति निर्माणगर्न तथा मूलप्रवाहको विकास कार्यक्रमहरूलाई बालबालिकाको हितमा पार्नका लागि वकालत गरिरहने छ। बालअधिकारका स्थानीय प्रयासहरूलाई थप बल पुऱ्याउन तथा यस क्षेत्रमा तालिम प्राप्त मानव स्रोतको विकासका निम्ति सहजीकरण गर्ने संस्थाको भूमिकालाई सिविनले कायम राख्ने छ। सामाजिक संघसंस्थाहरू, सरकारी निकायहरू, मानवअधिकार तथा बालअधिकारवादी संघसंस्थाहरूसँगको साझेदारीलाई थप सुदृढ बनाउने छ। सिविनले बालबालिका र शान्तिमा केन्द्रित संचेतना र "बालबालिका शान्ति क्षेत्र हुन्" भन्ने राष्ट्रव्यापी अभियान मार्फत शान्ति स्थापना गर्ने आफ्नो प्रयासलाई जारी राख्ने छ। राष्ट्रिय नीति निर्माणको तहमा बालबालिकाको सहभागितालाई सुनिश्चित गर्नका लागि सिविन निरन्तर प्रयासरत रहनेछ।

# नेपालमा बालअधिकारका दुई दशक

नेपालमा बालबालिकाको क्षेत्रमा भएका क्रियाकलापहरुको मूलतः निम्न कुराहरु सकारात्मक पक्षका रुपमा रहेको देखिएको छ ।

## १. बालअधिकारको बिषय राष्ट्रिय मुद्दाका रुपमा रुपान्तरित :

बालअधिकारको विषयलाई उचित ढङ्गबाट संरक्षण प्रदान गर्नका निम्ति बिगतको संविधान सुधार सुझाव आयोग देखि अन्तरिम संविधान मस्यौदा समितिमा सुझाव दिने देखि आम चुनावहरुमा राजनैतिक दलहरुलाई बालबालिकाको बिषयमा प्रतिबद्ध गराउने, मतदातालाई सचेत गराउने तथा प्रतिक्षित संविधान सभा र बालअधिकारका विषयमा विविध कार्यहरु गैर सरकारी संस्थाका तर्फबाट भएको छ । राजनैतिक दलहरुले पनि आफ्नो चुनावी घोषणापत्रमा बालअधिकारका कुराहरुलाई समावेश गर्न थालेका छन् । बृहत शान्ति सम्झौता २०६३ देखि संविधान सभा निर्वाचन आचार संहिता २०६४मा पनि बालबालिकाको विषयमा उल्लेख भएको छ ।

## २. बालबालिकाको विषयमा विशेष कानूनहरु निर्माण :

बालबालिकाको विषयलाई केन्द्रित गरेर बालबालिकासम्बन्धी ऐन २०४८, बालबालिकासम्बन्धी नियमावली २०५१, बालश्रम (निषेधित र नियमित गर्ने) ऐन २०५६ निर्माण भएको छ । लोकतन्त्रको पुनर्स्थापना पश्चात निर्माण गरिएको नेपाल अधिराज्यको संविधान २०४७ ले बालबालिकाहरुको हक अधिकारको संरक्षणका निम्ति केही विशेष व्यवस्थाहरु पनि गरेको थियो भने अन्तरिम संविधान २०६३ले बालअधिकारलाई मौलिक हक अन्तरगत नै राखेर धेरै अगाडी बढेको छ । तर निर्माण गरिएका ऐन कानूनहरु अझै पनि एकातिर बालअधिकारको संरक्षण गर्न पर्याप्त छैनन् भने अर्को तर्फ विध्यमान कानुनहरुको पनि व्यवहारिक कार्यान्वयन हुन सकेको छैन । कतिपय अवस्थामा सरकार आफ्नो दायित्वबाट पन्छिन खोजेको देखिएको छ । बालबालिकासम्बन्धी ऐन २०४८ लाई अझबढी बालअधिकारसम्मत बनाउन सोलाई संशोधन गरी बालअधिकार (संरक्षण तथा प्रबर्द्धन) ऐन २०६४ को मस्यौदा तयार भइसकेको छ ।

## ३. अध्ययन-अनुसन्धान र सूचनाहरुको प्रवाह

नेपालमा बालबालिकाका सम्बन्धमा धेरै अगाडि देखि परोपकारी ढंगले केही कामहरु भैरहेको भएतापनि समस्याग्रस्त बालबालिकाहरुको सम्बन्धमा सूचना तथा जानकारीहरु राख्ने प्रचलन थिएन । महासन्धिको अनुमोदन पश्चात् भने बालबालिकाको क्षेत्रमा अझ कठीन र जोखिम अवस्थामा रहेका बालबालिकाहरु समेतको क्षेत्रमा धेरै अध्ययनहरु हुन थाले र सूचना जानकारीहरुको संकलन एवं वितरण हुन थाल्यो । उपलब्ध जानकारी अनुसार बालश्रमसम्बन्धी सम्भवत सबै भन्दा पहिलो अध्ययनका रुपमा १९८७ मा नै सिविनले काठमाडौंका सडक बालबालिकासम्बन्धी प्रारम्भिक अध्ययन, काठमाडौंका होटल तथा रेष्टुराँहरुमा काम गर्ने तथा जुत्ता पालिस गर्ने बालश्रमिकसम्बन्धी सर्वेक्षण अध्ययन, गलैंचा कारखानामा रहेका बालबालिकाको अवस्था सम्बन्धी लगायतको सर्वेक्षण अध्ययनहरु गरी समस्या ग्रस्त बालबालिकाको सम्बन्धमा जानकारीहरु राख्ने र सो अनुसार उनीहरुको हितका निम्ति कार्यहरु गर्ने थालनी गरेको पाइन्छ । यस सन्दर्भमा सिविनले सन् १९८९ मा नेपालमै पहिलो राष्ट्रिय स्तरको स्रोत तथा सूचना केन्द्रको स्थापना गरेको थियो ।

लोकतन्त्रको स्थापना पश्चात् भने बालबालिकाको क्षेत्रमा कार्य गर्ने संस्थाहरु बढ्दै गए र विभिन्न क्षेत्रको अध्ययनहरु हुन थाल्यो । १९९० पछि सरकारी तवरबाट पनि कठिन परिस्थितिमा रहेका बालबालिकाहरुसम्बन्धी विभिन्न अध्ययनहरु हुन थालेको पाइन्छ । विश्व विद्यालयहरुबाट पनि बालबालिकासम्बन्धी विषयमा अध्ययन, अनुसन्धानहरु गर्न थालिएको छ भने विद्यार्थीहरुले पनि बालबालिकाका विविध पक्षमा अध्ययन गर्ने प्रचलन बढेको छ । हालका केही बर्षहरुमा भने यस क्षेत्रमा राष्ट्रिय स्तरका अध्ययनहरु पनि भएका छन् ।

सिविनद्धारा ११९६ देखि आवधिक रुपमा बालअधिकारको स्थिति सम्बन्धी प्रतिवेदनहरु प्रकाशित भएका छन् । सरकारी स्तरमा भने केन्द्रीय बालकल्याण समितिले २००४ देखि बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रकाश गर्न थालेको छ।

## ४. बालअधिकारसम्बन्धी संचेतना अभिबृद्धि

बालअधिकारका पक्षमा संचालित प्रमुख अभियानहरु:

- बालअधिकार सबैको सरोकार
- सबैका लागि शिक्षा तथा गुणात्मक शिक्षा
- जन्मदर्ता बालबालिकाको पहिलो अधिकार
- बालसहभागिताको प्रवर्द्धन
- निकृष्ट प्रकारको बालश्रम निवारण
- बालश्रमशोषण विरुद्ध अभियान गलैंचा बालश्रमिक, सडक बालबालिका (घरेलु बालश्रम, टेम्पो लगायत यातायात साधनमा रहेका बालश्रम, बँधुवा बालश्रम आदि)
- बेचबिखन तथा ओसारपसार र बाल यौन दुर्व्यवहार विरुद्ध अभियान
- बालबालिका शान्ति क्षेत्र हुन्
- बालमैत्री विद्यालय, तथा बालमैत्री गाउँ एबम् नगरहरू
- नयाँ नेपालको निर्माण बालबालिकाको साथमा थालौं
- बालबालिकाको लागि हुन्छ भनौं ।
- राष्ट्रिय चुनाव अभियान–कस्ले भन्छ ? बालबालिकाले भोट हाल्दैनन्

## ५. बालअधिकार सम्बन्धी संयुक्त राष्ट्र महासन्धिको प्रतिवेदन

नेपालले बालअधिकारसम्बन्धी महासन्धिको पहिलो प्रतिवेदन संयुक्त राष्ट्र संघमा १९९२ मा बुझाउनु पर्नेमा ढिलो गरी १९९५ मा बुझाइयो । यसैगरी दोश्रो प्रतिवेदन पनि ढिलो नै २००३ मा बुझाइयो । तर सोको निर्माण प्रक्रियामा गैरसरकारी संस्था एवं बालबालिका समेतको सहभागिता रहेको थियो । २००३ मा बुझाइएको प्रतिवेदन माथि संयुक्त राष्ट्र संघको बालअधिकार समितिले २००५ मा छलफल गर्‍यो, जसमा केही गैरसरकारी संस्थाका तर्फबाट बैकल्पिक प्रतिवेदन पनि बुझाइएको थियो । सरकारले उक्त प्रतिवेदन निर्माण देखि सो उपर भएको छलफलका मूलभूत कुराहरुलाई प्रेस मार्फत सार्वजनिक गरिनुलाई राम्रो कदम मान्नु पर्दछ ।

## ६. राष्ट्रिय योजना, गुरु योजनाहरु, नीति निर्माण

विगतको दुई दशकलाई केलाउने हो भने पछिल्ला वर्षहरुमा बनेका राष्ट्रिय योजनाहरुमा बालबालिकाका बिषयले केही प्राथमिकता पाएको देखि बालबालिका सम्बन्धि गुरु योजनाहरु, नीति निमार्ण, आठौं राष्ट्रिय योजना देखि बालबालिकाको बिषयले केही प्राथमिकता पाएको थियो भने दशौं राट्रिय योजना (२००१)को तयारीको क्रममा बालबालिकासँग समेत छलफल गर्ने प्रक्रियाको थालनी भयो । हालै राष्ट्रिय योजना आयोगद्वारा तयार तिनबर्षे अन्तरिम योजना (२००७)को निर्माण क्रममा पनि बालबालिकाको बिषयलाई सीमित रुपमा भए पनि सरोकारवालहरु बीच छलफल गरी समावेश गरिएको छ । जसमा सबै बालबालिकाको अधिकार संरक्षणका कुरालाई साकार बनाउन बालमैत्री बातावरणको पूर्वाधार तयार गर्ने, द्वन्द्व प्रभावित, सीमान्त समुदायका र जोखिममा रहेका बालबालिकाको संरक्षणलाई प्राथमिकता दिने, बालसहभागितालाई जोड दिइने, अधिकारभूखी दृष्टिकोण राखिने, बालबालिका सम्बन्धि सूचना प्रणालिको विकास गरिने, आपतकालिन सहायता तथा उद्दारका लागि बालकोषको स्थापना गर्ने लगायतका कुराहरुलाई समेटिएको छ ।

## ७. कानुन कार्यान्वयन तथा अदालती निर्णयहरु

यस अवधिमा बालबालिकाको हकमा मुद्दा दिने क्रम पनि बढेको छ भने बालबालिकाको पक्षमा उदाहरणीय निर्णयहरु पनि भएका छन् । लामो कानुनी लडाइँ पछि सन् २००१ मा सर्वोच्च अदालतले बालअधिकार महासन्धिलाई आधार मान्दै बालक्लब दर्ता गर्न पाउने कानुनी मान्यता प्रदान गरेको छ। सन् १९९६ मा अदालतमा दायर गरिएको घरेलु बालश्रम शोषण सम्वन्धी मुद्दामा सर्वोच्चले गरेको फैसला ऐतिहांसिक नजिर बनेको छ। यसै गरी २००४ मा सर्वोच्च अदालतले विद्यालयमा कुनै पनि वहानामा विद्यार्थीलाई यातना दिन नहुने तथा बालबालिका माथि अपमानजनक व्यवहार, दुर्व्यवहार गर्न नहुने निर्णय गरेको छ।

## ८. बालबालिकाको सशक्तिकरण र बालसहभागिता अभिबृद्धि

यस अवधिमा देशमा बालसहभागिता तिव्र गतिले अगाडि बढेको छ। बालबालिकाहरु बालअधिकार मञ्च, बालक्लब, बालसमूह आदिका मार्फत आफ्नो अधिकार संरक्षण गर्न र बाल सरोकारका बिषयमा सक्रिय रहन संगठित हुन थालेका छन् । हालसम्म देशभरि बालबालिकाद्वारा नेतृत्व गरेका करिव ९ हजार मञ्च, समूह, क्लबहरु रहेका छन्। श्रमिक बालबालिकादेखि संविधानसभाका लागि बालबालिकाका मुद्धाहरु लगायतका विविध बिषयहरुमा थुप्रै राष्ट्रिय भेलाहरु भएका छन्। बालअधिकार महासन्धिको प्रतिवेदनको छलफल देखि सं.रा.संघको विशेष अधिवेशन, बालश्रमिकहरुको विश्व भेला, यौन शोषण विरुद्ध अन्तर्राष्ट्रिय भेला आदि विविध बिषयमा सम्पन्न बालअधिकार सम्बन्धि अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कार्यक्रमहरुमा नेपाली बालबालिकाको सहभागिता रहेको छ। नेपालमा सन. २००३ देखि बालबालिकाको नमुना बाल संसद सञ्चालन गरी बालसहभागिताका नयाँ प्रयासहरु थालनी भएका छन्।

## ९. जोखिम परिस्थितिका बालबालिकाका लागि प्रत्यक्ष सहयोग

यस अवधिमा बालबालिकाका लागि कार्यरत संस्था तथा निकायहरुद्वारा बालबालिकालाई प्रत्यक्ष सहयोग पुऱ्याउने कार्यक्रमहरु व्यापक बन्दै गएका छन् । द्वन्द्व प्रभावित लगायत जोखिममा परेका बालबालिकाको पुनर्स्थापना तथा सामाजिकीकरण एवम् मनो–सामाजिक विमर्श सेवाहरुको उपलब्धतामा वृद्धि भएको छ । असक्षम, गरिब र दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको छ भने अपाङ्गता हुनेहरुका लागि शिक्षा, स्वास्थ्य, तालिम, सीप विकास, सचेतना, तथा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमहरु सञ्चालित छन् । बालबालिका केन्द्रित आपतकालिन उद्धार, राहात मानवीय सेवाहरु पनि बढेका छन् । यसै क्रममा बिभिन्न निकायको सक्रियतामा हेल्पलाइन आवधिक गृह जस्ता कार्यक्रमहरु सञ्चालन भइरहेका छन्।

## १०. नेपालमा बालअधिकार आन्दोलनका प्रमुख चुनौतीहरु

- बालअधिकार सम्बन्धी विविध बिषयहरुमा अवधारणगत स्पष्टताको कमि
- फितलो राजनैतिक प्रतिवद्धता
- बालबालिकाको विषयलाई राष्ट्रिय विकासको मूलधारमा नल्याइनु
- कम प्रगतिशील नीतिहरु
- नीति, नियम र कानुनहरुको कार्यान्वयनमा कमी
- बालअधिकार संरुक्षणको निमित राष्ट्रिय संरचनाहरुको कमी
- राष्ट्रका सम्वन्धित निकायमा बालअधिकार सम्बन्धी सस्थागत विकासमा कमि
- उपलब्ध श्रोतहरुको उचित परिचालन नहुनु
- बालअधिकार सम्वन्धी कार्यक्रमहरुमा अधिकारमुखी सोचको कमि हुनु
- बालबालिकासम्बन्धी बिषयहरुमा बालबालिकाको अर्थपुर्ण सहभागिताको कमि

तारक धितालद्वारा प्रस्तुत

## समुन्नत, समृद्ध, नयाँ नेपाल !

# नयाँ नेपालको निर्माण बालबालिकाको साथमा थालौं !!!

Be a part of it.

बालअधिकार सम्बन्धी सम्पूर्ण जानकारीका लागि पाक्षिक रेडियो पत्रिका

# बाल चौतारी

आइतबार बेलुकी ६ देखि ६.४५ बजेसम्म

रेडियो सगरमाथा एफ.एम १०२ थोप्लो ४ मेगाहर्जमा

अवश्य सुन्नुहोस्

*गतिविधिहरु*




## सन्दर्भ : अन्तर्राष्ट्रिय बालअधिकार दिवस

### बाल हेल्पलाइन १० ९ ८ औपचारिक रुपमा शुरु

काठमाण्डौं बास– सुनिश्चित बालअधिकार नयाँ नेपालको पूर्वाधार भन्ने मूल नारा सहित यस वर्षको अन्तर्राष्ट्रिय बालअधिकार दिवस सम्पन्न भएको छ। यसै अवसरमा मूल समारोह समितिले एक कार्यक्रमको आयोजना गऱ्यो। उक्त कार्यक्रममा सभामुख सुवास नेवाङले बालहेल्पलाइन १० ९ ८ को औपचारिक शुभारम्भ गर्नुभयो। सो कार्यक्रममा उहाँले भन्नुभयो बालबालिकाका बिषयमा धेरै गतिविधिहरु आयोजना भएता पनि व्यवहारिक पक्ष भने अझैसम्म पनि सन्तोषजन

नभएको बताउनुभयो । उहाँले भन्नुभयो– बालअधिकारका बिषयमा भएका गतिविधिहरुको समीक्षा हुनु जरुरी छ ।"

सोही कार्यक्रममा राष्ट्रिय योजना आयोगका जगदिशचन्द्र पोखेलले देशको बिषम परिस्थितिमा बालअधिकारको बिषयलाई मात्रै निरप्रेक्ष्य रुपमा हेर्न नमिल्ने धारणा राख्नुभयो ।

यसैगरी राष्ट्रिय मानवअधिकार आयोगका सदस्य गौरी प्रधानले जबसम्म बालबालिकाका बिषयलाई सम्बोधन गर्न सकिदैन तबसम्म समाज परिवर्तन गर्न नसकिने धारणा राख्नुभयो ।

कार्यक्रममा बालिका संगीता बलामीले बालबालिकाका बारेमा तयार भएका योजना तथा कानुनलाई सरकारले व्यवहारमा कार्यान्वयन गरेर देखाउनुपर्ने धारणा राख्नुभयो ।

सोही कार्यक्रममा राष्ट्रिय महिला आयोगकी अध्यक्ष नैनकला थापा, समाजकल्याण परिषद्का उपाध्यक्ष दाताराम खनाल, बालिका सरिता उदासले बालअधिकारको प्रत्याभूति दिलाउनको लागि समाजका सबै तह र तप्कामा रहेका व्यक्ति, समुदाय, निकायहरुले क्रियाशीलता देखाउनुपर्ने धारणा राख्नुभएको थियो । सोही कार्यक्रममा काठमाण्डौ उपत्यकाका लागि बालहेल्पलाइन १०९८ औपचारिक रुपमा सुरु गरिएको थियो ।

# विचार गोष्ठी सम्पन्न



काठमाण्डौ बास– सिविन नेपालको २० औं वार्षिकोत्सव एवं अन्तर्राष्ट्रिय बालअधिकार दिवसका अवसरमा नयाँ नेपालको निर्माण बालअधिकारको सम्मान बिषयमा राष्ट्रिय विचार गोष्ठीको आयोजना गरिएको छ । उक्त विचार गोष्ठीमा सहभागीहरुले बालअधिकार सम्बन्धी गरिएको प्रतिबद्धतालाई व्यवहारमा रुपान्तरण भए मात्र बालअधिकारको सम्मान गर्न सकिने बताएका छन् ।

सो कार्यक्रममा अर्थमन्त्री रामशरण महत अधिकारको कुरा मूलत राजनीतिक अधिकारको मात्र कुरा गरेर नपुग्ने धारणा राख्नुभयो । यसमा सामाजिक, आर्थिक तथा बालअधिकारको बारेमा समेत कुरा उठाउनुपर्ने उहाँले बताउनुभयो ।

सो कार्यक्रममा सिविन नेपालका संस्थापक अध्यक्ष एवं राष्ट्रिय मानवअधिकार आयोगका सदस्य गौरी प्रधानले आजभन्दा बिस वर्ष अगाडिको स्मरण गर्दै भन्नुभयो–"कुनै समय यस्तो पनि थियो जतिखेर बालअधिकारका कुरालाई दया, माया र अनुकम्पाको दृष्टिकोणले हेर्ने गरिन्थ्यो । सोही अवस्थमा बालबालिका कुरा भनेको कसैको दया माया र अनुकम्पाबाट मात्रै हुनुहुँदैन भन्ने सोचका साथ यो अभियान सुरु गरिएको थियो ।

कार्यक्रममा उहाँले भन्नुभयो मानवअधिकारको आन्दोलका इतिहास धेरै लामो भएतापनि हामी नागरिक र राजनीतिक आन्दोलनमा बढी केन्द्रित थियौं । त्यतिञ्जेल बालबालिकामाथि भएका शोषणविरुद्धका आन्दोलन,महिला तथा दलित आन्दोलन मानवअधिकारको हिस्सा बन्न सकेको थिएन ।

त्यसो त बालअधिकार सम्बन्धी महासन्धि पारित हुनुभन्दा पहिले नै सिविनको सुरुवात भएको र उक्त महासन्धिलाई पारित गराउनको निम्त समेत विशेष पहल गरिएको उहाँले बताउनुभयो ।

सोही कार्यक्रममा सेभ द चिल्ड्रेन नर्वे नेपालका राष्ट्रिय प्रतिनिधि गुनार एण्डसरनले आफूहरुले झण्डै झण्डै सिविनको स्थापनाकालदेखि नै सहकार्य गर्दै आएको बताउनुहुदै भन्नुभयो नेपालको कूल जनसंख्याको झण्डै ५० प्रतिशत बालबालिकाको जनसंख्या रहेको अवस्थामा राज्यले उनीहरुको लागि विशेष कार्यक्रम तय गर्नुपर्दछ ।

कार्यक्रममा नेकपा एमालेकी अष्टलक्ष्मी शाक्यले हाम्रो देशमा विभिन्न कारणले बालबालिकाहरु जोखिममा परिरहेका उनीहरुको संरक्षण गर्ने कार्यमा अझैपनि निरन्तर रुपमा लागिरहनु पर्ने धारणा राख्नुभयो ।

यस चुनौतीपूर्ण घढीमा सिविनले बालबालिकाको निम्ति अझै रचनात्मक खालको भूमिका निर्वाह गर्नुपर्दछ । उहाँले भन्नुभयो–बालअधिकारको कुरा हामी सबैतिर गर्नु जरुरी भएको छ ।

त्यस्तै नेकपा माओवादीकी हिसिला यमीले बालबालिकाको समस्या समग्र देशको संरचनामा रहेको बताउनुभयो ।

यसैगरी, युनिसेफ नेपालकी राष्ट्रिय प्रतिनिधिले नेपालमा बालबालिकाको संरक्षणको निम्ति वातावरण सुधारोन्मुख अवस्थामा रहेको बताउनुभयो । हामीसँग नेपाली बालबालिकाको निम्ति संरक्षण कसरी गर्न सकिन्छ भन्ने दृष्टिकोण रहेको छ ।

त्यस्तै, प्लान नेपालका राष्ट्रिय निर्देशक प्रेम शुक्लाले भन्नुभयो– सर्वप्रथम त म सिविनलाई बधाइ दिन चाहन्छु । जसले नेपालको बालअधिकार आन्दोलनमा दुई दशक पार गरेको छ । त्यसको साथै हामी यो कुरा पनि भन्न चाहन्छौं कि, सिविन एउटा त्यस्तो संस्था हो, जसले नेपालमा बालअधिकारको आन्दोलनलाई स्थापना गराउन महत्वपूर्ण भूमिका खेलेको छ ।

सो कार्यक्रममा सिविन नेपालका संस्थापक अध्यक्ष गौरी प्रधानलाई नेपालमा बालअधिकारको आन्दोललाई स्थापित गराउन विशेष योगदान गर्नुभएकोमा सम्मान गरिएको थियो ।

*तथ्य*

# दुई दशकमा बालबालिका सम्बन्धी विभिन्न संरचनाको विकास

बालबालिकाको विषयमा प्रभावकारी ढङ्बाट कार्य संचालन गर्नका लागि विभिन्न सरकारी संरचनाहरुको विकास र व्यवस्थाको थालनी भएको छ । यद्यपि तिनीहरुको क्रियाशीलता भने आशातित रुपमा अगाडि बढ्न सकेको छैन । बालअधिकारको संरक्षणार्थ स्थापित केही प्रमुख सरकारी संरचनाहरु :–

- समाज कल्याण मन्त्रालयको नाममा बालबालिका समेत थप गरी १९ अप्रील २००० देखि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना भएको छ ।
- महिला बालबालिका तथा समाज कल्याण मन्त्रीको अध्यक्षतामा केन्द्रीय बालकल्याण समिति गठन (१९९५)
- जिल्लामा बालबालिकाहरुसम्बन्धी नीति निर्माणका साथै जिल्लामा भएका कार्यहरुको अनुगमन समन्वय लगायतका कार्यहरु गर्न बालबालिकासम्बन्धी ऐन अनुरुप जिल्ला बालकल्याण समितिहरु गठन (१९९५ देखि )
- बालकल्याण अधिकारीका रुपमा महिला विकास अधिकारीलाई तोकिएको छ ।
- राष्ट्रिय योजना आयोगमा महिला तथा बाल विकास शाखाको स्थापना १९९३ देखि गरिएको छ ।
- श्रम मन्त्रालयमा १९९४ देखि बालश्रम शाखाको स्थापना गरिएको छ ।
- बालश्रम निवारणसम्बन्धी राष्ट्रिय निर्देशक समिति १९९५ मा श्रम सचिवको अध्यक्षतमा गठन गरिएको छ ।
- स्वास्थ्य, शिक्षा मन्त्रालय अन्तर्गत पनि बालबालिका सम्बन्धी महाशाखा, शाखाहरुको व्यवस्था गरिएको छ ।
- चेलीबेटी बेचबिखन तथा बालयौनशोषणविरुद्ध राष्ट्रिय कार्यदल तथा जिल्ला स्तरीय कार्यदलहरु समस्याग्रस्त २६ जिल्लाहरुमा गठन भएका छन् ।

- प्रहरीबीच बालबालिकाको विषय समेतलाई हेर्ने महिला तथा बालबालिका सेवा केन्द्र (महिला सेल)को व्यवस्था १९९६मा शुरु भै हाल केन्द्रमा तथा काठमाण्डौं उपत्यका लगायत विभिन्न २३ जिल्लाहरुमा गरी २५ वटा गठन गरिएको छ ।
- सबै जिल्ला अदालतमा बालइजलास गठन गर्न निर्देशन अप्रील २००० मा भैसकेको छ । नमुनाका रुपमा १० जिल्लामा साधनसम्पन्न बालइजलास गठन भएको छ, तथा उक्त जिल्लामा बालइजलासका लागि आवश्यक समाजसेवी तथा बालमनोबिशेषज्ञ जस्ता मानवश्रोतको बिकास गरिएको छ ।
- राष्ट्रिय मानवअधिकार आयोग मे २००० मा गठन भएको छ । उक्त आयोगमा २००४ देखि बेग्लै बालअधिकार डेक्स स्थापना गरिएको छ ।
- गाउँ तहसम्म बालसंरक्षणका गतिविधिहरुलाई संचालन गर्न २००३ देखि विभिन्न जिल्लामा जिल्ला बालकल्याण समिति अन्तर्गत जिल्ला बालसंरक्षण समिति तथा गाउँ बालसंरक्षण समितिहरु गठन भएका छन् ।
- काठमाण्डौंमा बालबालिका खोजतलास केन्द्र स्थापना भइ हराएका बालबालिकाबारे सेवा प्रदान गर्न २००६ देखि हटलाइन फोन १०४ संचालनमा छ ।
- बालसंरक्षणको निम्ति महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, नेपाल टेलिकम, नेपाल दुरसञ्चार प्राधिकरण र सिविनको संयुक्त बालहेल्पलाइन १०९८ ( दश नौं आठ सञ्चालन भएको छ ।

*श्रोतः नेपालमा बालअधिकारका दुई दशक*

---


**सिविन–नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित**

सिविन–नेपाल

प्लान–नेपाल



सम्पर्क ठेगानाः पो.ब.नं. ४३७४, रविभवन, काठमाण्डौ । इमेलःcwinpublication@gmail.com



प्रमुख सल्लाहकार : **सुम्निमा तुलाधर**

सल्लाहकारहरु : माधव प्रधान, तारक धिताल,सुवोध श्रेष्ठ, कुमार भट्टराई, रश्मिला शाक्य

विशेष सहयोग : शुभराज पोखरेल, सूर्यनारायण श्रेष्ठ, अञ्जना प्रधान, दीपेन्द्र पण्डित

**सम्पादकःविमलकुमार थापा**